708

# कृषकहरुले व्यावसायिक रुपमा महको गुणस्तरिय उत्पादन साथै वजारीकरणमा दिगो संजालीकरण परियोजना



## परियोजना समाप्तीको मुख्य प्रगति प्रतिवेदन



विकासका लागि वातावरणिय संरक्षण सेवा
(इन्प्रेड) नेपाल
पर्वत
भाद्र २०६७ देखि श्रावण २०७०

## आयोजना सम्पन्न मुख्य प्रतिवेदन

### १. पृष्ठभूमि (Background)

दैलेख जिल्ला मध्य पश्चिमाञ्चल विकास क्षेत्रको भेरी अञ्चलको पहाडी जिल्ला हो । यो जिल्ला २८ डिग्री ३५´ देखी २९ डिग्री ८´ उत्तरी अक्षांशमा रहेको छ जिल्लाको क्षेत्रफल १५००५१ हेक्टर छ । समुन्द्र सतहवाट ५४४ देखी ४१६८ मी. सम्म उचाई रहेको छ । यस जिल्लाको पूर्वमा जाजरकोट पश्चिममा अछाम, उत्तरमा कालिकोट र दक्षिणमा सुर्खेत जिल्लाहरु रहेका छन् । यस जिल्लामा २ निर्वाचन क्षेत्र ११ ईलाका र ५५ गाविसहरु रहेका छन् । यस जिल्लाको कुल जनसंख्या २२५१८९ रहेकोमा महिला ११५०७६ र पुरुष ११०११३ रहेको छ । जनसंख्या वृद्धि दर १.८६ रहेको छ । जातिय रुपमा हिन्दु धर्म मान्ने ९८.१%, वौद्ध धर्म मान्ने १.४%, क्रिस्चियन धर्म मान्ने ०.१%, मुस्लीम धर्म मान्ने ०.२% र अन्य ०.२% धर्म मान्ने मानिसहरु रहेका छन् । जसमा क्षेत्री, ठकुरी, व्राहमण, गुरुङ्ग, मगर, कामी, सार्की, दमाई, नेवार, वादी र मुसलमान रहेका छन् । यस जिल्लाको कुल साक्षरता प्रतिशत ४७.४% रहेको छ । जसमा महिला साक्षरता ५३१.८% र पुरुष साक्षरता ६८.२% रहेको छ । ७३% परिवारको प्रति परिवार वार्षिक आम्दानी रु. ५००० भन्दा कम रहेको छ । यस जिल्लाको मानिसहरुको औशत आयु ५८ वर्ष रहेको छ । यस जिल्लाको कुल जनसंख्याको ९२% मानिसहरुको पेशा कृषिमा आधारित रहेको छ । ( श्रोत: जिविस दैलेखको प्रोफाईल २०५९/६०)

दैलेख जिल्लाको २०६५/६६ को प्रस्तावित कार्यक्रमलाइ लाई हेर्‍यो भने पशु,कृषि, वनसंग संवन्धित पेशामा आधारित भई महिलाहरुको विकासका लागि जोड दिने भन्ने रहेको छ । यसै गरी जिल्ला कृषि विकास कार्यालयले पनि गैससहरु संग साझेदारीमा महिला तथा जनजाती र दलितलाई कृषिमा आधारित व्यावसायमा सहयोग गर्ने लक्ष्य रहेको छ । जिल्ला कृषि विकास कार्यालय दैलेखले रुम, कट्टी, अउलपराजुल, लाँकुरी, मेहल्तोलि र कालभैरव गाविसलाई मौरीपालनको संभावित क्षेत्रको रुपमा राखेको छ । ६ गाविसको १०० हेक्टरमा मौरीपालन भएको साथै मौरीपालनको ७०० हेक्टरमा संभावना भएको कुरा उल्लेख गरेको छ । मौरीपालनकालागि संभाव्ययता साथै वजारीकरणका लागि मध्य पहाडी राजमार्ग पनि यसै क्षेत्रवाट जाने भएकोले पनि वजारीकरणको दिर्धकालिन संभावना रहेको छ । माथि प्रस्तावित गाविसहरुमा चुप्रा मेहलतोली ग्रामिण सडक पनि भरखर पुगेकोले महको उत्पादन साथै जिल्ला भित्र र वाहिर ढुवानीकालागि सहज हुने अवस्था रहेको छ ।

संस्थाले यस परियोजनामा महिला, विपन्न तथा दलित समुदायका प्रत्येक गाविसका २/२ वार्डका २०/२० जना गरी ४० जनाको दरले ६ गाविसका २४० किसानहरुलाई १२ वटा समुहमा संगठित गरी प्रत्यक्ष सहयोग गरिएको छ । आर्थिक रुपमा विपन्न समुदायवाट किसान छनौट गरि कार्यक्रम संचालन गरिने छ । जसमा विपन्न, दलित तथा जनजातिका महिलाहरुलाई सरिक गराईएको छ । व्यावसायिक रुपमा आधुनिक घारमा मौरीपालनको विस्तार साथै समुहगत रुपमा संगठित भएका छन् । समुदायमा फजुल खर्च कम गर्न र व्यावसायिक रुपमा नै महको वजार व्यावस्थापन गर्नकालागि समुहगत नेटवर्क र मौरी पालक कृषक विच सहकारीको गठन, जिल्ला स्तरमा मौरी सहकारी संघ गठन र केन्द्रमा आवद्धता गरी कृषक विच व्यावसायिक संजाल निर्माण गरी कार्यक्रम संचालन गरिएको छ । जिल्लाका सवै सरोकारवालाहरुको यस परियोजनामा संलग्नता रहेको छ ।

यस परियोजनामा भएको उपलव्धीलाई स्थानीय, पत्रकारहरुको फिल्ड अवलोकन, गाविस तथा जिल्ला स्तरमा हुने समन्वय वैठक, छलफल र विभिन्न संचार माध्यमवाट प्रचार प्रसार गर्ने र गराउने गरिएको छ यो प्रविधिको वारेमा सुनेर वुझेर अनुसरण गरेर समेत कृषकहरु लाभान्वित भएका छन । यस आयोजना २०६७ साल भाद्र वाट शुरु भई ०७० श्रावण सम्ममा सम्पन्न गरि यो सम्पन्न प्रतिवेदन तथा अन्तिम मूल्याङ्कन प्रतिवेदन तयार गरिएको हो ।

## दैलेख जिल्लामा रहेको समुहहरुको नामावली

| सि.न. | समुहको नाम | ठेगाना | समुह सदस्य संख्या |
|---|---|---|---|
| १ | थानडांडामा मौरीपालन | लाकुरी गाविस–७ | २० |
| २ | लालीगुरांस मौरीपालन | लाकुरी गाविस–५ | २० |
| ३ | भगवती मौरीपालन | मेहलतोली गाविस–७ | २० |
| ४ | सृजनशिल मौरीपालन | मेहलतोलि गाविस–९ | २० |
| ५ | मनकामना मौरीपालन | रुम गाविस–३ | २० |
| ६ | सिडार मौरीपालन | रुम गाविस–८ | २० |
| ७ | नमूना मौरीपालन | कालभैरव गाविस–६ | २० |
| ८ | थापा टोल मौरीपालन | कालभैरव गाविस–४ | २० |
| ९ | वडामालिका मौरीपालन | अउलपराजवल गाविस–१ | २० |
| १० | पिपल चौतारी मौरीपालन | अउलपराजुल गाविस–२ | २० |
| ११ | फूलवारी मौरीपालन | कट्टी गाविस–३ | २० |
| १२ | मालिका मौरीपालन | कट्टी गाविस–२ | २० |
| | जम्मा संख्या | | २४० जना |

## २. कार्यान्वयनको कार्यकुशलता (Implementation Performance)

**१. व्यावसायिक मौरिपालन तथा मह उत्पादन कार्यक्रम** अन्तर्गत निम्न कृयाकलापहरु सम्पन्न गरिएको थियो ।

### १.१ गाविस स्तरमा कार्यक्रमको वारेमा जानकारी

गाविसका स्थानिय गाविस सचिव, राजनैतिक दल साथै अगुवा किसान साथै गाविस स्तरका सरोकारवाला विच कार्यक्रम वारे जानकारी हुनुले गाविस संयन्त्रवाट वार्डहरुको छनौट गरी प्रत्येक गाविस वाट ४०/४० जनाको दरले किसान छनौट गरी १२ समुह गठन गरी १ समुहमा २४० जना कृषक संगठित भई मौरीपालन व्यावसाय गरेका छन् ।





### १.२ लक्षित समुह पहिचान र आधारभुत तथ्याङ्क संकलन

गाविस स्तरमा अभिमुखिकरण कार्यक्रम पश्चात परियोजना क्षेत्रका गाविसमा स्थानिय स्तरमा घांस वीउ

उत्पादन र पकेट क्षेत्र छनौट गर्ने कार्य गरिएको छ । परियोजना संचालनका लागि छनौट गरी प्रत्येक गाविसवाट ४०/४० जनाको दरले किसान छनौट गरी १ समुहमा २० जनाको दरले १२ वटा समुहहरु गठन गरी सामाजिक परिचालक र संयोजकले समन्वय गरी कार्य गरिएकोछ । साथै आवश्यक पर्ने आधारभुत तथ्याङ्कहरु तथ्याङ्क फारम अनुसार संकलन गर्ने कार्य गरिएको छ । जसले समुदायको अवस्था पत्ता लगाउन सहयोग गरेको छ ।






## १.३ समुह गठन र परिचालन

गाविस स्तरमा अभिमुखिकरण कार्यक्रम पश्चात परियोजना क्षेत्रका गाविसमा स्थानिय स्तरमा घांस वीउ उत्पादन र पकेट क्षेत्र छनौट गर्ने कार्य गरिएको छ । परियोजना संचालनका लागि छनौट गरी प्रत्येक गाविसवाट ४०/४० जनाको दरले किसान छनौट गरी १ समुहमा २० जनाको दरले १२ वटा समुहहरु गठन गरी सामाजिक परिचालक र संयोजकले समन्वय गरी कार्य गरिएकोछ ।

| गाविस | समुहका नाम |
|---|---|
| कट्टी | फुलवारी मौरीपालन समुह |
| | मालिका मौरीपालन समुह |
| रुम | सिडार मौरीपालन समुह |
| | मनकामना मौरीपालन समुह |
| अउलपराजुल | पिपलचौतारी मौरीपालन समुह |
| | वडामालिका मौरीपालन समुह |
| मेहल्तोली | भगवति मौरीपालन समुह |
| | सृजनसिल मौरीपालन समुह |
| लाँकुरी | लाँलीगुराँस मौरीपालन समुह |
| | थानडाँडा मौरीपालन समुह |
| कालभैरव | थापाटोल मौरीपालन समुह |
| | नमुना मौरीपालन समुह |

## १.४ समुहलाई अवलोकन भ्रमण

६ गाविसका कृषकहरु साथै संस्थाका कर्मचारी गरी २७ जनाको ५ दिने अवलोकन भ्रमण सम्पन्न भएको छ । दैलेख र सुर्खेतमा भएको व्सायिक मौरिपालनको अवलोकनले कृषकहरुमा मौरिपालन तर्फ अगाडि बढ्नको लागि उत्प्रेणा मिलेको छ र थप आधुनिक घारमा मौरिपालन गर्न थालेका छन् ।





## १.५ गोला प्रर्वद्धन र घार विस्तार  तथा प्राविधिक सहयोग

परियोजनामा प्राविधीक सहयोगका लागि जे.टि.ए नियुक्त गरि कृषकहरुलाई  प्राविधीक सहयोग पुऱ्याउने कार्य गरिएको छ । समुहहरुलाई  नियमित रुपमा परिचालन गरिएको छ समुहहरुको मासिक बैठकहरु संचालन गरिएको छ । हाल आधुनिक घारमा  मौरीपालन लांकुरी गाविसको थानडांडामा मौरीपालन समुहमा ८१ वटा घार, लालीगुरांस मौरीपालन समुहमा ६८ वटा घार, मेहलतोली गाविसको   भगवती मौरीपालन समुहमा ४७ वटा घार, सृजनशिल मौरीपालन समुहमा ४० वटा घार, रुम गाविसको मनकामना मौरीपालन समुहमा ४७ वटा घार, सिडार मौरीपालन समुहमा ४९ वटा घार, काल भैरव गाविसको नमूना मौरीपालन समुहमा ५० वटा घार घार, थापा टोल मौरीपालन समुहमा ४० वटा घार, अउलपराजुल गाविसको पिपलचौतारी मौरीपालन समुहमा ४६ वटा घार, वडामालिका मौरीपालन समुहमा ४६ वटा घार र कट्टी गाविसको फूलवारी मौरीपालन समुहमा ५७ वटा घार, मालिका  मौरीपालन समुहमा ६१ वटा घार गरी ६३२ घारमा आधुनिक मौरीपालन गर्ने काम कृषकहरुले गरेका छन् । यस वर्ष महवाट र कृषकहरुले गोला विस्तार गरि विक्री गरि रु. १११०,४००। आमदानी गरेका छन् । व्यावस्थापनका लागि प्राविधिक र सामाजिक परिचालकवाट नियमित सहयोग गर्ने काम भएको छ । मासिक वैठक साथै स्थानिय श्रोतको रुपमा वचत परिचालनको काम समेत भएको छ । समुह तथा सहकारीमा  नियमित रुपमा सामाजिक परिचालन र प्राविधीक सहयोग प्रदान गरिएको छ । समुहहरु मैरिपालन सहकारीमा आवद्ध भई  **श्री शिवालय मौरि पालन सहकारी संस्था गठन तथा दर्ता गरी प्यान नं लिएर संस्थागतरुपमा अगाडि बढेको अवस्था रहेको छ।**





## १.६ मौरिको चरन विकास किट वितरण

६ गाविसका १२ समुहका सवै किसानहरुलाई दिर्धकालिन र अल्पकालिन चरन विकासका लागि तोरीको विउ

र आधारचाका साथै आवश्यक सामाग्री प्रयोग वारेमा जानकारी गराईएको र उपलब्ध गराईएको र कृषकहरुवाट तोरी खेती पनि गरेका छन् ।

**१.७ महको संकलन केन्द्र स्थापना**

कृषकहरुले समुहलाई पायक पर्ने २ वटा स्थानीय बजार लांकुरी गाविसमा र वेस्तडा बजारमा महको संकलन केन्द्र स्थापना गरी मह संकलन गर्नुका साथै स्थानिय स्तरमा विक्रि वितरण गर्ने कार्य गरेका छन् । साथै स्थानिय स्तरमा विक्री नभएको महलाई जिल्ला स्तरमा रहेको कोशेली घरमा विक्रीका लागि लैजाने व्यवस्था मिलाएका छन् । कार्यक्रम लागु भएका गाविसका कृषकहरुले महको उत्पादन विक्रि बाट राम्रो आम्दानी पनि गरेका छन् ।





**२. वजार र संस्थागत विकास कार्यक्रम**

**२.१ व्यवसायिक मौरिपालन तालिम**

दैलेख जिल्लका लांकुरि गाविस थानडांडा मौरिपालन समुह वार्ड नं. ७ र लालिगुरास मौरिपालन समुह वाड नं. ५ का २०-२० जना कृषक, कालभौरव गाविस थापाटोल मौरिपालन समुह वार्ड नं.४,५ र नमुना मौरिपालन समुहका वार्ड नं. ६ का २०-२० जना कृषक, कट्टी गाविस फूलबारी मौरिपालन समुह वार्ड नं. ३ र मालिका मौरिपालन समुह वार्ड न.२ का २० - २० जना कृषक, रुम गाविस मनकामना मौरिपालन समुह वार्ड नं. २ र सिडार मौरिपालन समुह वार्ड नं ८, ९ का २०-२० जना कृषक मेहलतोलि गाविस सृर्जनशिल मौरिपालन समुह वार्ड नं. ८,९ र भगवति मौरिपालन समुह ६,७ का २० -२० जना कृषक र अवलपराजुल गाविस पिपलचौतरी मौरिपालन समुह वार्ड नं. १ र वडामालिका मौरिपालन समुह वार्ड नं १ का २० -२० जना कषकहरुको दरले छनौट गरि १२ समुहका कृषकहरुलाई २ दिनको व्यवसायिक मौरिपालन तालिम संचालनवाट मौरीपालनकालागि कृषकहरु व्यावसायिक वनेका छन् ।




## २.२ गोला विस्तार रानी  उत्पादन तालिम

गोला विस्तार र रानी उत्पादन तालिम २ दिन २५ जना कृषकहरुलाई लांकुरी गाविसमा आवाशिय रुपमा दिईएको छ । जसवाट कृषकहरुले गोला विस्तारकालागि कृतिम रानी उत्पादन गर्न सक्ने भएका छन् । स्थानिय स्तरमा आधुनिक मौरीपालनकालागि यस तालिमले कृषकहरुलाई फाईदा पुगेको छ । गोला वृद्धि गरेर पनि मौरीका गोला विक्रि समेत कृषकहरुले गरेका छन् ।




## २.३ मौरिपालक कृषक सहकारी संघ, संजाल गठन परिचालन

६ गाविसका २४० व्यावसायिक मौरीपालक कृषकहरुलाई गाविस स्तरमा ६ वटा संजाल र सवै समुहहरु सहकारी आवद्ध भएका साथै वचत संकलन गरेका छन् ।  जिल्ला तहमा मिति २०६८ वैशाष १५ गतेका दिन खगेन्द्र वहादुर थापाको अध्यक्षतमा ९ सदस्यीय जिल्ला संजाल गठन भएको छ । साथै नियमितरुपमा मौरिपालनर महको बजार व्यवस्थापनको बारेमा  छलफल हुने गरेको छ ।



## २.४ जिल्ला सहकारी संघ गठन र केन्द्रमा आवद्धता

६ गाविसका २४० व्यावसायिक मौरीपालक कृषकहरुलाई गाविस स्तरमा ६ वटा संजाल र सवै समुहहरु सहकारी आवद्ध भएका साथै वचत संकलन गरेका छन् । र स्थानीय स्तरमा सहकारीमा आवद्ध भएका छन् भने सहकारीहरु जिल्ला सहकारी संघमा अवद्ध भएका छन् र जिल्ला सहकारी संघ केन्द्रमा आवद्ध रही सहकारीहरुको हक हित र क्षमता विकासका लागि कार्य गरिरहेको छन् ।

## २.५ कृषकहरुलाई उद्यमशिलता तालिम ( TOPE/TOSE) र व्यवसायिक योजना

व्यावसायिक मौरीपालन गर्ने समुहका २४ जना अगुवा कृषकहरुलाई ०६८ असार १० देखी १२ गते व्यावसायिक योजना तालिम सम्पन्न भएको र तालिम पछि समुहमा व्यावसायिक योजना वनाइ मौरिपालन गर्ने कार्य कृषकहरुले  गरेका छन् ।





## २.६ महको गुणस्तर जाँच

६ गाविसका समुहहरुवाट महको नमुना नमुना संकलन गरी गुणस्तर जांच गरिएको छ । सम्पादित परिक्षणहरुको नेपाल सरकारले महको लागि तोकेको अनिवार्य गुणस्तर अनुरुप राम्रो रहेको पाइएको छ । र महको मुल्य वृद्धिमा सहयोग पुगेको छ ।




खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

## २.७ महको  लेवलिङ्ग र प्याकिङ्ग

सहकारी संघ दैलेखले महको विक्रिकोलागि वट्टाहरु साथै छापेर लेवलहरु कृषकहरुलाई उपलब्ध गराउने कार्य भएको छ। महको संकलन र विक्रि वितरणकालागि सहयोग पुग्ने र नियमित कोषको रुपमा कृषकहरुलाई लेवलिङ्ग र प्याकेजिङ्गको लागि प्रयोग गर्ने गरी कोषको रुपमा स्थानिय तहमा रकम उपलब्ध

गराईएको छ ।




### २.८ विक्रि कक्ष / कोशेली घर स्थापना

जिल्ला तहमा जिल्ला सहकारी संघ दैलेखको कार्यालयमा समुहबाट आएको महको विक्रीका लागि कोसेली घर स्थापना भएको छ । उक्त कोसेली घरमा महको नमुना राखिएको छ । उक्त कोसेली घरले संकलन केन्द्रहरु बाट मह लिइ विक्री वितरण गर्नुका साथै अडर लिई आवश्यकता अनुसार समुदायबाट मह खरिद गरि बाहिर विक्री वितरण गर्ने कार्य गरेको छ ।

## ३. मौरिपालन प्रविधीको प्रचार प्रसार तथा अनुशरण

### ३.१ मौरि पालन सम्वन्धि ब्रोशर तथा लिफ्लेट प्रकाशन

व्यावसायिक मौरीपालन संवन्धि लिफ्लेट प्रकाशन गरी सरोकारवालाहरुलाई नियमिति रुपमा वितरण गर्दै आई रहेको छ । ६०० लिफ्लेट प्रकाशन गरी संस्थाले वितरण गरिएको छ । उक्त ब्रोसरमा आधुनिक मौरिपालन र मुडेघारको मौरिपालन विचको फरक, फाइदा वेफाइदा , व्यवसायिक मौरिपालन बारे जानकारी , मौरिपालन संवन्धि मौसमि पात्रो , मौरिका शत्रुहरु साथै व्यवसायिक मौरि पालनका लागि आवश्यक औजारहरु र तिनको प्रयोगको बारेमा जानकारी समेटिने खालका विषयवस्तुहरु समावेश गरि प्रकाशन गरिएको छ ।

### ३.२ मौरीपालन संवन्धि भिडियो डकुमेन्ट्री निर्माण

संस्थाले गरेका मौरिपालन साथै यस परियोजनाका गतिविधिहरु संवन्धि भिडियो डकुमेन्ट्री निर्माण कार्य भिडियो डकुमेन्ट्री उत्पादकहरु संग सम्झौता गरी सम्पन्न गरिएको छ । मौरि पालक कृषक समुहहरुमा गई छलफल गरि परियोजनाले पारेको प्रभावका साथै राम्रा सिकाईहरुलाई प्रचार प्रसार गर्ने उद्धेश्यका साथ डकुमेन्ट्री निर्माण कार्य सम्पन्न भएको छ । जसले गर्दा कार्यक्रमको प्रसार प्रसार भएको छ ।

### ३.३ संचारकर्मी स्थलगत अनुगमन

संस्थाले गरेका गतिविधि संवन्ध स्थलगत २ पटक अनुगमनका साथै स्थानिय स्तरमा प्रचार प्रसारका लागि स्थानिय संवाददातालाई भ्रमण गराउने काम भएको थियो । जसवाट कार्यक्रमको संस्थागत पारदर्शीता साथै कार्यक्रमको प्रचार प्रसारलाई मद्धत पुगेको अवस्था रहेको छ ।

### ३.४ विभिन्न महोत्सवमा महको प्रर्दशनी

उद्योग वाणिज्य संघ जिल्ला शाखा दैलेखले जिल्ला तहमा टुडिखेलमा मंसिर २९ र ३० गते गरेको २ दिने व्यापार मेलामा महको स्टल राखी महको प्रर्दशनि गर्ने कार्य संचालन गरियो । उक्त अवशरमा २ दिनमा २२,०००। बरावरको मह स्टल बाट विक्री गरिएको थियो १/२ के.जी र १ के.जी.का प्याकिङ्ग डिव्वाहरु स्टलमा राखिएको थियो । जसवाट स्थानिय महको परिचय दैलेखमा हुने वातावरण वनेको छ । साथै

कार्यक्रमको प्रचार प्रसार लाई मद्धत पुगेको अवस्था रहेको छ ।





## ३.५ समन्वय वैठक

सरोकारवालाहरु संग जिल्ला तहमा जिविस, विकास संग संवन्धित कार्यालय, गैससहरु, दातृ निकाय, व्यावसायिक संघ संस्था र पत्रकार विच १ दिने समन्वय बैठक ३ वर्ष सम्म संचलन गरियो जिविस, विकास संग संवन्धित कार्यालय, गैससहरु, दातृ निकाय, व्यावसायिक संघ संस्था र पत्रकार र गाविस सचिवहरु सहित को उपस्थिति सम्पन्न भएको छ । सवैवाट कार्यक्रममा सहयोग प्राप्त भएको छ ।





## ३.६ कृषक दिवस र सार्वजनिक परिक्षण

कार्यक्रमले मौरिपालक कृषकहरुलाई मुडे घारबाट भन्दा ९५ प्रतिशत बढि फाइदा आधुनिक मौरिपालन र आधुनिक घार प्रयोग गरि मौरिपालन गर्दा भएको अनुभवहरु सुनाउनु भएको थियो । महको बजार स्थानिय रुपमा नै उपलव्ध भएको बजार खोज्दै हिड्नु पर्ने अवस्था नरहेको अनुभवहरु आदानप्रदान भएको थियो । गाविस सचिवहरु द्धारा गाविसमा आउने पुंजिगत अनुदानको १० प्रतिशत कषि लक्षित कार्यक्रमको बजेट बाट यस कार्यक्रमलाइ निरन्तर सहयोग गरि कार्यक्रमको दिगोपनाका लागि प्रतिवद्धता जनाइएको थियो । किसानहरु र सरोकारवाला विच विगत वर्षको कार्यक्रमको समिक्षा र कार्यक्रमको वारेमा जानकारी गराइएको थियो सोही अवसरमा उत्कृष्ट ९ जना किसानहरुलाई प्रमाण पत्र सहित पुरस्कृत गरिएकोछ ।




### ३.७ कायक्रमको प्राविधीक तथा अन्तिम प्रतिवेदन प्रकाशन

संस्थाले कार्यक्रमको शुरुवात र अन्त्यमा भएका परिवर्तनको वारेमा सरोकारवालाहरुलाई जानकारी गराउने उद्धेश्यले अन्तिम प्रतिवेदन प्रकाशन गरी संवन्धित निकायहरुमा पेश गर्ने र वितरण गर्ने काम गरिएको छ । जसको सक्कल प्रति प्रतिवेदन पनि पेश गरिएकोछ ।

## ३. प्रतिफल/नतिजा उपलब्धी सम्बन्धी स्थिति

**१. कार्यक्रम क्षेत्रमा समुदायमा आधारित आधुनिक व्यावसायिक मौरीपालन भई गुणस्तरिय मह उत्पादन क्षेत्रको रुपमा विकास भएको हुनेछ ।**

हाल अउलपराजुलमा आधुनिक घार ९२ वटा, लाँकुरीमा आधुनिक घार १५९ वटा, मेहल्तोलीमा आधुनिक घार ८७ वटा, कालभौरवमा आधुनिक घार ९० वटा, रुममा आधुनिक घार ९६ वटा र कट्टीमा आधुनिक घार ११८ वटा गरी सवै गाविसमा ६३२ वटा घारमा कृषकहरुले व्यावसायिक रुपमा घारमा मौरीपालन गरेका छन् । जसमा कृषकहरुले मौरीको आधुनिक घार प्रति माग र चासो वढेको छ । २ वटा मह संकलन केन्द्र स्थापना भएका छन् । तिन वर्षमा कृषकहरुले मह र र गोला विस्तार गरि विक्री गरि रु. ३३,३१,२००। आम्दानी गरेका छन् । यस कार्यक्रम को उपलव्धि लाई समुहहरुको अभिलेख बैठक पुस्तिका र कार्यक्रमको स्थलगत अनुगमन बाट कार्यक्रमको प्रगति बारे थाहा हुने छ ।




**२. कार्यक्रम क्षेत्रका व्यावसायिक किसानहरुले मह विक्रिकालागि संस्थागतरुपमा वजार संजाल निर्माण गरेका हुनेछन् ।**

कृषक समुहले नियमितरुपमा वचत संकलन रु.४,६२,३००।- गरेका छन् । समुह तथा सहकारीमा नियमित रुपमा बैठक वसि महको दर रेट साथै बजारको खोजि हुने गरेको छ । समुहहरु मैरिपालन सहकारीमा आवद्ध भई **श्री शिवालय मौरि पालन सहकारी संस्था गठन तथा दर्ता गरी प्यान नं लिएर संस्थागतरुपमा अगाडि बढेको अवस्था रहेको छ। १५ जना स्थानिय कृषकहरु मौरि श्रोत व्यक्तिको रुपमा कार्य गर्न सक्षम हुनु भएको छ ।** जिल्ला सहकारी संघ दैलेख , गाविस तथा जिल्ला कृषिसेवा कार्यालय र लघुउद्यम विकास कार्यक्रमले पनि तालिमहरु र बजारिकरण र व्यावस्थापनमा सहयोग गर्न थालेको छ । जिविस र जिल्ला कृषि विकास कार्यलयले ले यस क्षेत्रलाई मौरि पकेट क्षेत्रको रुपमा घोषण गरेको अवस्था छ ।
यस कार्यक्रमको प्रगति बारेमा स्थलगत अनुगमन र समुह सदस्यहरुको छलफल बाट पनि जानकारी हासिल गर्न सकिने छ ।

**३. परियोजनाको उपलव्धीको प्रचार प्रसार साथै सिकाईको अनुसरण भएको हुनेछ ।**

सरोकारवालाविच जिल्लातहमा राजनैतिकदल, जिविस, जिल्ला प्रशासन र विकास संग संवन्धित कार्यालय, गैससहरु, दातृ निकाय, व्यावसायिक संघ संस्था र पत्रकार विच समन्वय वैठक साथै आधुनिक मौरिपालन बारेमा जानकारी र गाविस तहमा गाविस सचिव, कृषक र वुद्धिजिवि विच अर्न्तक्रिया कार्यक्रम संचालन गरिएको छ । यस कार्यक्रममा जिविस र गाविसले यस क्षेत्रलाई मौरि विकासको पकेट क्षेत्रको रुपमा अगाडी बढाउने निर्णय गरेका छन् । यसका साथै संचारकर्मीहरुलाई समुहहरुमा स्थलगत भ्रमण गराई कार्यक्रमको बारेमा मिडियाहरु र पत्रपत्रिकाहरुमा प्रचार प्रसार भएको छ ।स्थानिय पत्रकार, रेडियो साथै राजनैतिक पार्टीका गाविस प्रतिनिधिहरुलाईआधुनिक मौरिपालनको बारेमा जानकारी हुनुले कार्यक्रमको प्रचार प्रसार वढेको छ । यसैगरी समुह वाहिरका किसानहरुले पनि आफ्नै प्रयासमा मौरिपालन गर्न थालेका छन् । र अन्य गाविसहरुबाट पनि कार्यक्रमको माग भई आएको छ र कार्यक्रम प्रति सकारात्मक प्रभाव रहेको छ ।

**४. नयाँ प्रविधिको अनुशरण तथा उद्देश्य (Purpose) प्राप्तिको संभाव्यता**

परियोजनामा संलग्न दैलेख जिल्लाका ६ गाविसका कृषकहरुले आधुनिक घारमा मौरि पालन समुदायमा आय आर्जन वृद्धि गरेको अवस्था रहेको छ । मह, मौरिको गोला वृद्धि र मैन उत्पादन गरि विक्रि वितरणको कामवाट कृषकहरुलाई दिगो जिविकोपार्जनको माध्यम वनेको छ ।
मौरिपालन क्षेत्र र बन संरक्षण साथै डढेलो नियन्त्रण गर्न र फलपूलका विरुवाहरु कृषकहरुले रोपण गरेको अवसथा छ । वार्षिक आधुनिक घार बाट २३२४ के.जी मह संकलन गरि बिक्रि वितरण र कृतिम रानो उत्पादनबाट गोला वृद्धि गरी विक्रि गरेकाछन् । दैलेख जिल्लामा आधुनिक मौरिपालन गर्ने किसानहरु वद्धि भएका छन् । एक जना किसानले २ देखि ६५ घार सम्म आधुनिक घारमा मौरिपालन गरिरहेको अवस्था छ । हाल परियोजना का समुहहरुमा ६३२ आधुनिक घारमा मौरि पालन भइरहेको छ । । परियोजना क्षेत्रका गाविसले पनि मौरि पालनलाई कृषकको प्रमुख आयश्रोतको रुपमा लिएको छ । सम्बन्धित सहगोगी निकाय जिविस, गाविस साथै जिल्ला कृषि विकास कार्यालयसंग र लघुउद्यम विकास कार्यक्रम संग सम्पर्क समन्वय र कार्यक्रम जानकारी आदान प्रदान साथै सहयोग आदन प्रदानले कृषकहरुलाई निरन्तर आर्थिक र प्राविधिक सहयोगको वातावरण तयार भएको छ । यो व्यवसय लामो समय सम्म संचालन भइरहने भएकोले कृषकहरुको आम्दानी दिगोरुपमा वृद्धि भइरहने देखिन्छ । साथै कृषकहरुले महलाई महमदानी वाट झिकी लेवलिङ्ग र प्याकिङ्ग गरि तयार गर्ने भएको सफा र गुणस्तरिय छ । साथै गुणतर जाँच गरिएको हुंदा भईरहेको मुल्यमा मुल्य वृद्धिमा सघाउ पुऱ्याएको छ ।

## ५. आयोजनाका सरोकारवालाहरुले पहिचान गरेका संभाव्य प्रभावका मुख्य मुख्य सूचकहरु

- देलेख जिल्लाका ६ गाविसका २४०  किसानहरुले यस वर्षमा थप आधुनिक घरहरु वद्धि गरि ६३२ आधुनिक घारमा मौरिपालन व्यवसाय शुरु गरेका छन् ।
- कृषकहरुले मौरि पालनलाई व्यवसायको रुपमा लिन थालेका छन् । र समुहमा आधुनिक मौरिपालन व्यवसाय प्रति चासो र सक्रियता बढेको छ ।
- परियोजना क्षेत्र तथा बाहिर क्षेत्रका कृषकहरुले आधुनिक घारको माग गरेका छन् ।
- मौरिपालन व्यवसायको अलवा , पशुपालन , कृषि साथै समुदायमा विभिन्न आय आर्जनका कामहरु गरेको अवस्था रहेको छ । आधारभूत तथ्याङ्क संकलन र विश्लेषण गर्दा सवै व्यवसायको गणना गर्दा प्रति व्यक्ति औषत आम्दानीरु.रु. ३५५२।- रहेको मा सो वृद्धि भई हाल रु.४६२६। छ ।

## ६. पछि गर्नु पर्ने प्रस्तावित कार्यहरु (Proposed Follow-up)

व्यवसायीक रुपमा मौरिपालन व्यवसाय गर्नको लागि ऋण प्रवाह गर्ने संस्थहरु संग सहकायृ गरी लगानीको वातावरण तयार गर्नु पर्ने । आवद्ध हुन वाँकी  समुहहरुलाई सहकारीमा आवद्ध गर्न आवश्यक छ ।  महको प्रशोधन र लेवलिङ्ग र प्याकिङ्गका लागि आवश्यक तालिमहरु संचालन र आवश्यक अनुदानका लागि  सहयोग गर्नु पर्ने । आधुनिक घार सहजरुपमा उपलव्ध नहुनुले चाहाना भएका कृषकहरुले पनि सो व्यवाय गर्न गाह्रो भएको हुंदा स्थानिय स्तरमा नै आधुनिक घार निर्माणको लागि तालिम दिई आधुनिक घार निर्माणको लागि सहयोग गर्नु पर्ने अवस्था छ ।

## ७. सिकिएका पाठ :

- विषयगत कार्यालय र गैर सरकारी संघ संस्थाको सहकार्य एवं समन्वयमा भएका काम प्रभावकारी हुने रहेछन ।
- स्थानिय स्तरमा रहेका जंगलमा रहेको फलफुलले पनि आधुनिक मौरिपालन गरि कृषकहरुले आम्दानी गर्ने अवस्थाको सृजना भएको छ ।
- आधुनिक घारमा मौरिपालन गर्दा परम्परागत मुडे घार बाट भन्दा ६० प्रतिशत बढि फाइदा हुदौ रहेछ ।
- आय आर्जनका काममा महिलाहरुलाई परिचालन गर्दा उनीहरुको आम्दानी वृद्धिका साथै आत्मनिर्भर वन्नकालागि मद्धत पुग्दो रहेछ ।
- यस कार्यक्रमले बनमा लाग्ने डढेलोमा कमीआई वातावरण संरक्षणमा समेत मद्धत पुग्दो रहेछ ।

## ८. प्रकाशन तथा सम्पर्क :

स्थानीय प्रयासको प्रवर्द्धन गर्ने उद्देश्यले कृषकहरुले हांसिल गरको उपलव्धी तथा सिकेको नयां सिकाईलाई टेवा पुऱ्याउने उद्देश्यले लिफ्लेट प्रकाशन भएको छ । स्थानीय पत्र पत्रिकामा समाचार लेख छापिएका छन्। यसै गरी मौरिपालन र परियोजनाले पुऱ्याएको सहयोगका बारेमा  भिडियो डकुमेन्ट्री तयार गरिएको छ ।

## ९. सफलताका कथा :

### सफलताको कथा
### मौरिपालन व्यवायले परिवर्तन भयो जिवन शैली

म वसन्तदेव गिरी दैलेख जिल्ला लाकुरी गाविस वार्ड नं. ७ निवासी विगतलाई सम्झदा आज म जुन

अवस्थामा जाहाँ छु त्यसमा म निकै गौरवान्ति छु । मैले विद्यालयमा गई पढाईलाइ निरन्तरता दिनको लागि परिवारको आर्थिक अवस्था कमजोर भएका कारण अध्ययनलाई अगाडी बढाउन सकिन । परिवारको आर्थिक स्थीति कमजोर भएकै कारण मैले भारत गएर ज्याला मजदुरि गर्दा पनि मैले सुख संग पेट भरी खाना कहिले पाइन, त्यस पछि २०५९ सालमा आफ्नो ठाउँमा फर्किएर मौरीपालन गर्ने निष्कर्षका पुगे ।
यसैगरि मैले परम्परागत घारमा मौरिपालन व्यवसाय गरिरहेको थिए , अहिले २ वर्ष अगाडी मेरो गाँउ / टोलमा राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोषको सहयोगमा इन्प्रेड नेपालद्धारा जिल्ला सहकारी संघ ,दैलेखको सहकार्यमा संचालन गरेको मौरिपालन कार्यक्रमबाट मैले आधुनिक घारमा मौरिपालन गर्ने सिप विकास तालिम पाएँ त्यस पछि आधुनिक मौरिपालनका लागि आवश्यक प्रविधी तथा सामाग्री कार्यक्रम बाट सहयोग भयो । मैले प्राप्त गरेको आधुनिकघारमा मौरिपालन सिप विकास तालिम अनुसार आधुनिक घारमा मौरिपालन गर्न थाले पश्चात मह पनि राम्रो उत्पादन हुन थाल्यो र विक्री वितरण पनि गर्न थाले पछि मैले मेरो आर्थिक स्थीतिमा सुधार हुदै गएको पाएँ । जसले गर्दा मेरो हालको ८ जनाको परिवारलाई बिहान साँझको खाना पुऱ्याएकै छु । ३ जना छोराछोरीहरुलाई विद्यालय पढाएको छु र उनीहरुको उज्जल भविष्यको लागि उद्यम विस्तार गरिरहेको छु । चाडपर्वमा आवश्यकता अनुसार मिठो खाना, राम्रो लत्ता कपडा पनि पुऱ्याउन सकेको छु ।
राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोषको सहयोगमा इन्प्रेड नेपालद्धारा जिल्ला सहकारी संघ ,दैलेखको सहकार्यमा संचालन गरेको मौरिपालन कार्यक्रमबाट मैले आधुनिक मौरिपालन सिप विकास तालिम र, प्रविधी र मेशिन सहयोगबाट आज मैले आफ्नो परिवारीक स्थीति सबल बनाउन सक्षम भएको छु र आथिक स्थीति पनि सवल भएको छ । जुन राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोष र इन्प्रेड नेपालको मौरिपालन कार्यक्रमले गर्दा भएको हो त्यसैले म राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोष र इन्प्रेड नेपाललाई हृदय देखि नै धन्यवाद दिन चाहन्छु ।

मौरीपालन व्यावसायले परिवर्तन भयो जिवन शैली



३५ घार मौरीवाट ३०० के.जी मह वेची १ लाख २० हजार कमाए ।

अनुसुची :
आयोजना खर्च

| From: | ०६७ भाद्र | To: | २०७० श्रावण |
|---|---|---|---|
| Description | Approved budget | Expenditure | Balance |
| १.१ गाविस स्तरमा कार्यक्रमको वारेमा जानकारी | 45900 | 45900 | 0 |
| १.२ लक्षित समुह पहिचान र आधारभुत तथ्याङ्क संकलन | 29200 | 29200 | 0 |
| १.३ समुह गठन र परिचालन | 26800 | 26800 | 0 |
| १.४ समुहलाई अवलोकन भ्रमण | 146000 | 146000 | 0 |
| १.५ गोला प्रर्वद्यन र घार विस्तार तथा प्राविधिक सहयोग | 1146500 | 1146500 | 0 |
| १.६ मौरिको चरन विकास किट वितरण | 63500 | 63500 | 0 |
| १.७ महको संकलन केन्द्र स्थापना | 63200 | 63200 | 0 |
| २.१ व्यवसायिक मौरिपालन तालिम | 87400 | 87400 | 0 |
| २.२ गोला विस्तार रानी उत्पादन तालिम | 69800 | 69800 | 0 |
| २.३.मौरिपालक कृषक सहकारी संघ, संजाल गठन परिचालन | 50400 | 50400 | 0 |
| २.४ जिल्ला सहकारी संघ गठन र केन्द्रमा आवद्धता | 12100 | 12100 | 0 |
| २.५ कृषकहरुलाई उद्यमशिलता तालिम ( TOPE/ TOSE) र व्यवसायिक योजना | 76520 | 76520 | 0 |
| २.६ महको गुणस्तर जाँच | 56800 | 56800 | 0 |
| २.७ महको लेवलिङ्ग र प्याकिङ्ग | 30000 | 30000 | 0 |
| २.८ विक्रि कक्ष / कोशेली घर स्थापना | 88000 | 88000 | 0 |
| ३.१ मौरि पालन सम्वन्धि ब्रोशर तथा लिफ्लेट प्रकाशन | 15800 | 15800 | 0 |
| ३.२ मौरीपालन संवन्धि भिडियो डकुमेन्ट्री निर्माण | 96000 | 96000 | 0 |
| ३.३ संचारकर्मी स्थलगत अनुगमन | 29000 | 29000 | 0 |
| ३.४ विभिन्न महोत्सवमा महको प्रर्दशनी | 19500 | 19500 | 0 |
| ३.५ समन्वय वैठक | 52050 | 52050 | 0 |
| ३.६ कृषक दिवस र सार्वजनिक परिक्षण | 60000 | 60000 | 0 |
| ३.७ कार्यक्रमको प्राविधीक तथा अन्तिम प्रतिवेदन प्रकाशन | 44000 | 44000 | 0 |
| **जम्मा** | 2308470 | 2308470 | 0 |
| **Overhead (13%)** | 300101.1 | 300101.1 | 0 |
| **Contingency (2%)** | 46169.4 | 46000 | 169.4 |
| **Total** | 2654740.5 | 2654571.1 | 169.4 |
| **Vat (13%)** | 345116.265 | 345094.24 | 22.022 |
| **Grand Total** | 2999856.765 | 2999665.3 | 191.422 |

| विषयगत सारांश | उद्देश्यमापक सुचक | प्रमाणित गर्ने आधार | जोखिम पक्ष |
|---|---|---|---|
| **लक्ष : गुणस्तरिय महको उत्पादनवाट वजार प्रवर्द्धन गरी कृषकहरुको जिविकोपार्जनमा सुधार** | | | |
| **उद्देश्य :समुदायमा आधारित मौरी व्यावसाय प्रवर्द्धन गरी गुणस्तरिय मह उत्पादन गरी दलित तथा विपन्न महिला किसानहरुको आय वृद्धि गर्ने** | **परियोजनको अन्त सम्ममा परियोजना क्षेत्रमा आवद्ध २४० कृषकहरुको आय शुरु वर्षको तुलनामा २५% ले वृद्धि भएको हुनेछ ।** | • **जिल्ला कृषि कार्यालयको वार्षिक प्रतिवेदन**<br>• **कार्यक्रमको स्थलगत भ्रमण**<br>• **समुहहरुको अभिलेख**<br>• **चौमासिक प्रतिवेदन**<br>• **वार्षिक प्रगति प्रतिवेदन**<br>• **फोटा तथा भिडियो डकुमेन्ट**<br>• **दातृ निकायको अनुगमन मुल्याङ्कन प्रतिवेदन**<br>• **अन्तिम प्रविधिक प्रतिवेदन** | वर्तमान देशको राजनैतिक अवस्थामा सुधार वा यथावत रहेको हुनेछ । |
| **उपलब्धि:**<br><br>**१. कार्यक्रम क्षेत्रमा समुदायमा आधारित आधुनिक व्यावसायिक मौरीपालन भई गुणस्तरिय मह उत्पादन क्षेत्रको रुपमा विकास भएको हुने छ ।** | १.१. २०७० सालको असार सम्ममा परियोजना क्षेत्रको ६ गाविसमा कम्तिमा ६ वटा आधुनिक मौरीपालन व्यावसयिक पकेट क्षेत्रको रुपमा विकसित भएको हुनेछन् ।<br>१.२. २०६९ सालको श्रावण सम्ममा परियोजना क्षेत्रका २४० कृषकहरु आवद्ध भई आधुनिक मौरीपालन व्यावसाय गरी गुणस्तरिय मह उत्पादन र बजारीकरणकालागि संजाल वनाई महको विक्रि वितरणको शुरु गरेका हुनेछन् ।<br>१.३. २०७० सालको श्रावण सम्ममा परियोजना क्षेत्रका २४० कृषकहरुले न्यूनतम ९६०० के.जी. मह उत्पादनवाट वार्षिक रु. २८,८०,००० आम्दानी गरेका हुनेछन् । | • **जिल्ला कृषि कार्यालयको वार्षिक प्रतिवेदन**<br>• **कार्यक्रमको स्थलगत भ्रमण**<br>• **समुहहरुको अभिलेख**<br>• **चौमासिक प्रतिवेदन**<br>• **वार्षिक प्रगति प्रतिवेदन**<br>• **फोटा तथा भिडियो डकुमेन्ट**<br>• **दातृ निकायको अनुगमन मुल्याङ्कन प्रतिवेदन**<br>• **अन्तिम प्रविधिक प्रतिवेदन** | वर्तमान देशको राजनैतिक अवस्थामा सुधार वा यथावत रहेको हुनेछ । |
| **२.कार्यक्रम क्षेत्रका व्यावसायिक किसानहरुले मह विक्रिकालागि संस्थागतरुपमा वजार संजाल निर्माण गरेका हुनेछन् ।** | २.१ २०६९ सालको श्रावण सम्ममा परियोजना क्षेत्रको समुहमा आवद्ध कृषकहरु मौरी सहकारीमा परिणत भएका हुनेछन् । सो कृषक समुहले नियमित वार्षिक वचत संकलन कम्तिमा रु.२,६२,८००।- संकलन गरी सहकारी विकास साथै मौरी पालन एवं महको आन्तरिक वजार एवं जिल्ला वाहिरका प्रमुख वजारमा | • **कार्यक्रमको स्थलगत भ्रमण**<br>• **समुहहरुको अभिलेख**<br>• **स्थानिय तथा राष्ट्रिय पत्रिकामा समाचार प्रकासन**<br>• **दातृ निकायको अनुगमन प्रतिवेदन** | वर्तमान देशको राजनैतिक अवस्थामा सुधार वा यथावत रहेको हुनेछ । |

| | | | |
|---|---|---|---|
| | हुनेछन् ।<br>२.२ २०६९ सालको श्रावण सम्ममा संगठित समुह अन्तरगतका १२ जना महिला तथा पुरुष कृषकहरुलाई मौरी उत्पादनको व्यावसायिक श्रोत व्यक्तिको रुपमा तयार गरी आयोजना स्थलका अन्य कृषकहरुलाई सहयोग पुऱ्याएका हुनेछन् ।<br>२.३ शुरु वर्ष २०६७ सालमा २४० कृषकहरुलाई २४० र दोश्रो वर्ष २४० गरी घार उपलब्ध गराई आयोजनाको अन्तिम वर्षमा ४८० घार मौरी गोला विस्तार भएको हुनेछन् । | | |
| **३. परियोजनाको उपलब्धीको प्रचार प्रसार साथै सिकाईको अनुसरण भएको हुनेछ ।** | ३.१ २०७० सालको श्रावण सम्ममा परियोजना क्षेत्रको वरिपरिका कम्तिमा १२० घर परिवारले यो व्यावसायिक रुपमा आधुनिक मौरीपालन गरी मह उत्पादन अनुसरण गरेका हुनेछन ।<br>३.२ २०७० सालको श्रावण सम्ममा परियोजना क्षेत्रका मौरी पकेटहरु नमुनाको रुपमा विकसित भई विभिन्न जिल्लाका कृषि विकास कार्यालयहरुको कृषक अवलोकन भ्रमण कार्यक्रम, गोष्ठि, सेमीनार, स्थलगत भ्रमण आदि कार्यक्रम मार्फत कम्तिमा २००० कृषक एवं अन्य व्यक्तिहरुमा प्रचार प्रसार भएको हुनेछ । | • **कार्यक्रमको स्थलगत भ्रमण**<br>• **समुहहरुको अभिलेख**<br>• **वार्षिक प्रगति प्रतिवेदन**<br>• **फोटा तथा भिडियो डकुमेन्ट**<br>• **मूल्याङ्कन प्रतिवेदन**<br>• **अन्तिम प्रविधिक प्रतिवेदन** | वर्तमान देशको राजनैतिक अवस्थामा सुधार वा यथावत रहेको हुनेछ । |

## तावित क्रियाकलाप

| |
|---|
| व्यावसायिक मौरिपालन तथा मह उत्पादन कार्यक्रम |
| गाविस स्तरमा कार्यक्रमको वारेमा जानकारी |
| २ लक्षित समुह पहिचान र आधारभुत तथ्याङ्क संकलन |
| ३ समुह गठन र परिचालन |
| समुहलाई अवलोकन भ्रमण |
| गोला प्रर्वद्यन र घार विस्तार तथा प्राविधिक सहयोग |
| मौरिको चरन विकास किट वितरण |
| महको संकलन केन्द्र स्थापना |
| वजार र संस्थागत विकास कार्यक्रम |
| .१ व्यवसायिक मौरिपालन तालिम |
| .२ गोला विस्तार रानी उत्पादन तालिम |
| .३ मौरिपालक कृषक सहकारी संघ, संजाल गठन परिचालन |
| .४ जिल्ला सहकारी संघ गठन र केन्द्रमा आवद्धता |
| .५ कृषकहरुलाई उद्यमशिलता तालिम ( TOPE/TOSE) र वसायिक योजना |
| .६ महको गुणस्तर जाँच |
| .७ महको लेवलिङ्ग र प्याकिङ्ग |
| .८ विक्रि कक्ष / कोशेली घर स्थापना |
| मौरिपालन प्रविधीको प्रचार प्रसार तथा अनुशरण |
| १ मौरि पालन सम्वन्धि ब्रोशर तथा लिफ्लेट प्रकाशन |
| २ मौरीपालन संवन्धि भिडियो डकुमेन्ट्री निर्माण |
| ३संचारकर्मी स्थलगत अनुगमन |
| ४ विभिन्न महोत्सवमा महको प्रर्दशनी |
| ५ समन्वय वैठक |
| .६ कृषक दिवस र सार्वजनिक परिक्षण |
| .७ कायक्रमको प्राविधीक तथा अन्तिम प्रतिवेदन प्रकाशन |

## प्रस्तावित परियोजनाको आवश्यक वजेट शारांस :

| प्रस्तावित क्रियाकलाप | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | जम्मा |
|---|---|---|---|---|
| १. व्यावसायिक मौरीपालन तथा मह उत्पादन कार्यक्रम | ६७३४०० | ७२३७०० | १२४००० | १५२११०० |
| २. संस्थागत क्षमता विकास कार्यक्रम | २७११२० | १७०९०० | २९००० | ४७१०२० |
| ३. मौरीपालन प्रविधिको प्रचार प्रसार तथा अनुसरण | ३३१५० | ५१३५० | २३१८५० | ३१६३५० |
| जम्मा | ९७७६७० | ९४५९५० | ३८४८५० | २३०८४७० |
| **Overheads (13%)** | १२७०९७ | १२२९७४ | ५००३१ | ३००१०१ |
| **Contingency (2%)** | १९५५३।४ | १८९१९ | ७६९७ | ४६१६९।४ |
| **Total** | ११२४३२१ | १०८७८४३ | ४४२५७८ | २६५४७४१ |
| **Vat (13%)** | १४६१६२ | १४१४२० | ५७५३५ | ३४५११६ |
| Grand Total | १२७०४८२ | १२२९२६२ | ५००११३ | २९९९८५७ |